चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

## मिति २०७८।०२।२५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि विभिन्न विषय क्षेत्रहरु निर्धारण गरेको छ । यस कार्यमा सहजिकरणका लागी खटिई आउनु भएका प्रशिक्षकहरुबाट प्रशिक्षण समेत सम्पन्न भई सकिएको हुँदा उक्त कार्यविधि अनुसार यस चामे गाउँपालिकाले आ.ब. २०७६।०७७ मा सम्पादन गरेका कार्यहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलव्ध गराईएको सूचना प्रविधिमा आधारित ढाँचा अनुसार स्वमुल्याङ्कन गर्दा निम्न विषयक्षेत्रहरुमा निम्नानुसार अंकभार प्राप्त भएको हुँदा प्राप्त नतिजा आजको कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यालयको वेभसाईट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने साथै जिल्ला समन्वय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | स्वमुल्याङ्कनका विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७.५ | |
| २ | संगठन तथा प्रशासन | ८ | ४.५ | |
| ३ | बार्षिक बजेट तथ योजना व्यवस्थपान | ११ | ४ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ५ | |
| ५ | सार्वजनिक सेव प्रवाह | १६ | १०.५ | |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ४.५ | |
| ७ | भौतिक पूर्वाधार | १३ | ४ | |
| ८ | सामाजिक समावेशिकरण | १० | ५ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | २.५ | |
| १० | सहकार्य र समन्वय | ६ | १.५ | |
| | कुल जम्मा प्राप्ताङ्कः | १०० | ४९ | |

२. महालेखा परिक्षक विभागबाट यस चामे गाउँपालिकाको आ.व. ०७६।०७७ को विनियोजन, राजश्व, धरौटि तथा अन्य आर्थिक कारोबारहरुको अन्तिम लेखा परिक्षण गरी मितिः२०७८।०२।०२ गते प्राप्त प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन तथा गत विगत आ.व. हरुमा समेत अन्तिम लेखा परिक्षण बाट वेरुजु औंल्याएका विषय उपर छलफल भई असुल उपर गर्नुपर्ने शिर्षकगत रकमहरु यथाशिघ्र असुल उपर गर्न पत्राचार गरी कारवाही प्रक्रिया

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np
गण्डकी प्रदेश, नेपाल

अगाडि बढाउन चामे गाउँ कार्यपालिकालाई निर्देश गर्ने तथा अनियमित औल्याएका विषयमा प्रक्रियागत रुपमा नियमित गर्नुपर्ने विषयका विभिन्न शिर्षगत रकमहरुलाई लेखा समिति मार्फत छलफल गरि प्रक्रियागत ढङ्गले प्रचलित ऐन कानुन अनुसार नियमित गर्न सभामा पेश गर्ने निर्णय गरियो । साथै विगत आ.व. ०७३।०७४ देखि आ.व.०७५।०७६ सम्म वेरुजु औल्याएको रु.३ करोड ४ लाख रकम मध्ये रु.३ करोड २ लाख ७ सय ८८ अर्थात ९९.३४ प्रतिशत वेरुजु फरछ्यौट गर्न सक्रिय भुमिका निर्वाह गर्ने लेखा समितिका सम्पुर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत श्री नर बहादुर चन्द, लेखा प्रमुख श्री नम नारायण मल्लका साथै पालिकाका जिम्मेवार सम्पुर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. चामे गाउँपालिकामा मितिः२०७८।०२।१२ गते देखि २०७८।०२।१५ गते सम्म परेको अविरल बर्षा पश्चात १५ गते चामे गाउँपालिका वडा नं.४ घट्टे खोलामा आएको पहिरो सहितको बाढिले चामे बजारको नयाँ बजार क्षेत्रमा खानेपानी, ढल, सडकका साथै चामे गाउपालिका क्षेत्रको विभिन्न स्थानमा आएको पहिरोले सडकमा पुय्याएको क्षति लगायत जनताको भौतिक सम्पतिमा समेत क्षति पुय्याएको हुदाँ क्षतिग्रस्त खानेपानी, ढल र सडक समेतको तत्काल मर्मत सम्भार गरी तत्काल संचालन गर्न चामे गा.पा. स्तरीय स्थानीय विपद व्यवस्थापन समितिको मितिः२०७८।०२।१६ गतेको निर्णयको शिफारिस अनुसार निम्ना अनुसारको शिर्षकमा भैपरी आउने शिर्षक वाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

(क) पहिरो पन्छाउने तथा सडक मर्मत सम्भार कार्य (चामे देखि तिमाङ सम्म)- रु.३ लाख

(ख) बाढीले क्षति ग्रस्त स्यार्कुको काठेपुल निर्माण कार्य —रु.४ लाख ३६ हजार (ल.ई. अनुसार)

(ग) खानेपानि ढल मर्मत तथा सामाग्री खरिद कार्य-रु.१ लाख

साथै उक्त दैविक प्रकोप बाढीले पुय्याएको क्षति कार्यमा तत्काल चामे बजार क्षेत्रको जनताको जिउधनको रक्षाको लागि राहत उद्वार कार्यमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी लगायत स्थानीय युवाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरीयो ।

४. चालु आ.व. ०७७।०७८ मा स्वीकृत चामे गाउँपालिका स्तरीय गौरवका निम्न आयोजाहरुको प्रचलित ऐन नियम अनुसार विधुतिय वोलपत्रको माध्यमबाट खरिद प्रक्रिया सम्पन्न भई निर्माण योजना संचालनका लागि निम्नानुसारको खरिद समझौतालाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र. सं. | योजनाको नाम | बोलपत्र दाताको नाम/ठेगाना | स्वीकृत बोलपत्र अंक | खरिद सम्झौता मिति | योजनाको समाप्त मिति |
|---|---|---|---|---|---|
| १ | चामे बजार खानेपानी तथा ढल निर्माण योजना | **श्री** G.S. Engineering & Builders<br>Pokhara -5, Kaski<br>PAN No: 601108233 | रु.१,८३,६५,९१४।७० | २०७८।०२।०९ | २०७९।०८।१७ |
| २ | चामे बसपार्क निर्माण योजना | श्री Om Buddha Engineering Pvt.Ltd.<br>Bhimeshwor-7, Dolakha<br>PAN No: 605959147 | रु.३,८१,०३,३२४.२७ | २०७८।०२।२१ | २०७९।०२।०८ |

फोन नं.: ०६६- ४४०१७०

फ्याक्स : ०६६- ४४०१७०

Email:chamegaupalika@gmail.com

www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल


५. चामे गाउँपालिकाको चालु आ.व. ०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका तपसिल बमोजिमका निर्माण योजनाहरु तथा कार्यक्रमहरुमा नियमानुसार भएको खर्च रकमको जाचपास तथा फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना तथा कार्यक्रमको विवरण | स्वीकृत बार्षिक बजेट | अनुमोदित खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्यार्कु सित भण्डार योजनाको DPR निर्माण कार्य | रु.१०,००,०००।- | रु.९,९०,३९२।- | |
| २ | उद्योग ग्राम निर्माण योजनाको DPR निर्माण कार्य | रु.५,००,०००।- | रु.४,९६,०७०।- | |
| ३ | उद्योग ग्राम निर्माण योजनाको IEE निर्माण कार्य | रु.५,००,०००।- | रु.४,९३,५२७।५०।- | |
| ४ | गाउँपालिकामा रिटेनिङ वाल निर्माण कार्य | रु.१३,६७,६६८।२२।- | रु.१३,१५,०६५।६०।- | |
| ५ | तातोपानी कुण्डमा ढुङ्गेधारा निर्माण कार्य | रु.१०,००,०००।- | रु.४,८३,५८३।५०।- | |
| ६ | गाउँपालिका पछाडि भवन निर्माण कार्य (दोश्रो रनिङ बिल भुक्तानी) | रु.४१,३९,९२८।७०।- | रु.२०,२१,०६४।८०।- | |
| ७ | तिमाङ स्वास्थ्य चौकी भवन निर्माण कार्य (अन्तिम बिल भुक्तानी) | रु.२५,०१५८४.२८।- | रु.२४,२६,८६६।८६।- | |
| ८ | कोतो चौकी भवन निर्माण कार्य (अन्तिम बिल भुक्तानी) | रु .३७,४९,७८७.८७।- | रु.२३,३६,६६६।७४।- | |
| ९ | आइसोलेसन वेडमा CCTV जडान निर्माण कार्य | रु.१,२६,९७६।- | रु.१,२६,९७६।- | |
| **मेड्पा कार्यक्रम तर्फ** | | | | |
| १ | सामाजिक परिचालन | रु.७९,८००।- | रु.७९,८००।- | |
| २ | उद्यमसिलता विकास तालिम | रु.२,१२,८००।- | रु.२,०६,२०५।- | |
| ३ | प्राविधिक सिप विकास तालिम (तरकारी खेति) | रु.१,५०,००० | रु.१,३३,४४९।- | |

६. बिश्वभर माहामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको प्रकोप नेपालमा समेत तिब्र रूपमा फैलिइ यस चामे गाउँपालिकाको समुदाय स्तरमा समेत दिनप्रतिदिन तिब्र गतिमा फैलिरहेको हुदाँ यस पालिकाका स्थानिय बसिन्दालाइ उक्त संक्रमण हुन बाट रोकथाम नियत्रणका लागि सचेतना अभिबद्धि गर्नका साथै सरकारले तोकेको स्वास्थ्यको मापदण्ड अपनाई आ-आफ्नो कार्य क्षेत्र स्तरमा सक्रिय भुमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. चामे गाउँपालिकाको गौरवका आयोजनाको रुपमा गत आ.व.०७६।०७७ मा संचालित भई यस आ.व. ०७७।०७८ मा क्रमागत रुपमा निर्माणधीन रहेको चामे सिटिहल निर्माण योजनाको निर्माण व्यवसायी श्री पराजुली कन्सट्रक्सन प्रा.ली. भोर्लेटार लमजुङ सँग रु.२,७७,०३,३७२।२५ अंकको सम्झौता भए बमोजिम निर्माण कार्यको प्रगतिको आधारमा निर्माण व्यवसायीलाई प्रथम रनिङ विल वापत रु.६२,८२,७७३।५६ रकम भुक्तानी भएको साथै निर्माण कार्य प्रगतिका आधारमा दोश्रो रनिङ विल वापत रु.८३,३१,७९९।३४ भुक्तानीको लागि कार्यालयमा

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

मितिः२०७८।०२।०४ मा निवेदन सहित  विल पेश भएको र प्राविधिक कर्मचारी बाट उक्त निर्माण योजनाको नापजाच गरी पेश भएको आधारमा दोश्रो रनिङ विल बापत भुक्तानी गर्नुपर्ने रकम रु.८३,३१,७९९।३४ मध्ये निर्माण व्यवसायीले मोविलाईजेशन वापत लिईएको रु.२४ लाख पेश्की रकमको ५० प्रतिशत अर्थात रु.१२ लाख घटाई वाकि रकम रु.७१,३१,७९९।३४ नियमानुसार भुक्तानी गर्न गाउँ कार्यपालिकालाई स्वीकृत दिने निर्णय गरियो ।

८. चामे गाउँ कार्यपालिकाबाट तयार भई पेश भएको चामे गाउँपालिकाको लैङ्गिक हिंसा निवारणकोष संचालन सम्बन्धी कार्यविधि, २०७८ र चामे गाउँपालिकाको मेलमिलाप कार्य संचालन कार्यविधि,२०७८ सर्वसम्मत स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. चामे गाउँपालिकाको चालु आ.व. ०७७।०७८ मा संचालित वडा स्तरीय योजनाहरु तोकिए बमोजिमको परिमाण र गुणस्तर कायम हुने गरी यहि असाढ १५ गते भित्र सम्पन्न गर्ने गरी आ-आफ्नो वडा स्तरमा पगल गर्नुका साथै सक्रिय भुमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको आगामि आ.व. ०७८।०७९ को बजेट तर्जुमाको लागि योजनाहरु छनौट गर्न आ-आफ्नो वडा स्तरमा बस्ति, गाउँ, टोलबाट योजना तर्जुमा गरी तोकिएको समय भित्र पालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. चामे गाउँपालिकामा मितिः२०७८।०२।१२ गते देखि २०७८।०२।१५ गते सम्म परेको अविरल बर्षा पश्चात १५ गते चामे गाउँपालिका वडा नं.४ घट्टे खोलामा आएको पहिरो सहितको बाढिले चामे बजारको नयाँ बजार क्षेत्रमा खानेपानी र ढल क्षति पुग्याई खानेपानिको पाईप लाईनहरु पुर्ण रुपमा बगाएको हुदाँ चामे बजारमा खानेपानी पाईपलाईन विच्छ्याई बजार बासि जनतालाई खानेपानी सेवा उपलब्ध गराउन आवश्यक पोलिथिन पाईप चामे गाउँपालिकामा स्टोरमा रहेको निम्नानुसारकोक पाईप खर्च भएको हुदाँ सो को अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

(क) पाईप २० एम.एम =१२०० मि.

(ख) पाईप ३२ एम.एम =६९० मि.

(ग) पाईप ५० एम.एम =४५० मि.

(घ) पाईप ६३ एम.एम =३०० मि.

१२. चामे गाउँपालिकामा आ.व. २०७७।७८ सशर्त बजेट अनुदान चामे गाउँपालिका स्वास्थ्य शाखा तर्फ स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको संचालन खर्चमा जम्मा रू. १५००००० (पन्ध्र लाख) मात्र विनियोजित बजेट बाट स्वास्थ्यकर्मिहरूको तलब दिइ बाँकि रकम बाट  आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू संचालनको लागि आवश्यक फर्निचर र कार्यलयको सामग्रिहरू खरिद गर्ने निर्णय गरियो ।

**तपसिलः**

| कार्यक्रमको नाम | जम्मा बजेट | तलब खर्च | बाँकि रकम |
|---|---|---|---|
| स्वास्थय संस्था नभएका | १५००००० | २६६१०*४*१.५=१५९६६० | १०००००० - |

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:*chamegaupalika@gmail.com*
*www.chamemun.gov.np*
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| वडाहरूमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको संचालन खर्च | (रु पन्ध्र लाख ) एक वडा को लागि रू ५००००० को दरले | (रू एक लाख उनन्साठि हजार छ सय साठी मात्र) | १५९६६०=८४०३४० एक वडाको आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको लागि रू ४२०१७० (चार लाख बिस हजार एक सय सत्रि मात्र ) |